
नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग



# एक द्वार सेवा केन्द्र



**अस्वीकरण:**

*यो जानकारीमूलक पुस्तिका हो । यस पुस्तिकामाप्रस्तुत गरिएको जानकारी कार्यान्वयन गर्ने समयमा विद्यमान कानून  तथा नियमसँग बाझिएको खण्डमा सम्बन्धित कानून तथा नियम नै लागू हुनेछन् ।*



# नेपालमा
# किन लगानी गर्ने ?

नेपाल द्रुत रूपमा विस्तार हुँदै गएका दुई अर्थतन्त्रहरु भारत र चीनका बीचमा अवस्थित छ । तसर्थ, नेपालले वस्तु तथा सेवासम्बन्धी लगानी, उत्पादन र व्यापारका धेरै अवसरहरु प्रदान गर्दछ । नेपालमा विविध भूगोल, प्राकृतिक स्रोत र संस्कृति छन् । यी विविधता तथा वर्षौदेखि आधारभूत पूर्वाधारमा हुँदै आएका सुधारले मलुकलाई लगभग सबै क्षेत्र अर्थात् उत्पादन, कृषि प्रशोधन, ऊर्जा, पर्यटन र अन्य सेवा क्षेत्रका लागि विदेशी लगानीलगायतका लगानीका निम्ति आकर्षक गन्तव्य बनाएका छन् । नेपालमा लगानी गर्दा लगानीकर्ताहरूले प्राप्त गर्न सक्ने तुलनात्मक लाभहरूमा विशाल प्राकृतिक स्रोतहरूमा पहुँच, छिमेकी राष्ट्रहरुका बजारमा प्राथमिकता सहितका पहुँचका अतिरिक्त ठूलो आन्तरिक बजार र युवा श्रमशक्ति पर्दछन् ।

नेपालले प्रत्यक्ष वैदेशिक लगानीलाई स्वागत गर्दछ । पूँजी निर्माण तथा उत्पादक क्षमता अभिवृद्धिका साथै र प्रविधि, सीप, नवप्रवर्तन तथा व्यवस्थापकीय क्षमता हस्तान्तरणका अतिरिक्त देशको विकासमा प्रत्यक्ष वैदेशिक लगानीले निर्वाह गर्न सक्ने महत्वपूर्ण भूमिकालाई महसुस गर्नुको परिणामस्वरूप यो नीति तयार भएको हो । विदेशी लगानीकर्ताहरूलाई सहयोग गर्न नेपालमा पहिलेदेखि नै धेरै अनुकूल नीति रहिआएको छ र नेपालले प्रत्यक्ष वैदेशिक लगानी प्रवाहलाई प्रोत्साहित गर्न आफ्ना कानून र नियमलाई निरन्तर समीक्षा तथा सुधार गर्दै आएको छ । नेपालले विदेशी लगानीकर्ताहरूसँग राष्ट्रिय व्यवहार पनि गर्दछ र नाफा प्रत्यावर्तन (repatriate) गर्ने अनुमति दिन्छ ।

यसका अतिरिक्त नेपालले लगानीकर्ताहरूलाई प्रोत्साहित गर्दछ । ती प्रोत्साहनहरु हुन् : विशेष उद्योग र क्षेत्रहरूलाई लगानीपछिका सेवा र झन्झटमुक्त व्यवसाय वातावरण जस्ता कर तथा गैरकर सहुलियत । मुलुकले फ्रान्स, जर्मनी, संयुक्त अधिराज्य, मौरिसस, फिनल्याण्ड तथा भारत गरी ६ राष्ट्रसँग द्विपक्षीय लगानी सम्झौता गरेको छ भने नर्वे, भारत, चीन, पाकिस्तान, श्रीलङ्का, कतार, बङ्गलादेश, दक्षिण कोरिया, मौरिसस, थाइल्याण्ड र अस्ट्रियासँग दोहोरो कर उन्मुक्ति सन्धि गरेको छ । कतिपय क्षेत्र र निश्चित रकमको लगानीमा पूर्वस्वीकृति नचाहिने गरी लगानी गर्नका लागि प्रत्यक्ष वा स्वचालित मार्गलाई पनि सरकारले सञ्चालनमा ल्याउन काम गरिरहेको छ ।

नेपालसँग प्रत्यक्ष वैदेशिक लगानी लगायतहरु लगानीलाई सहजीकरण गर्न स्पष्ट र छुट्टाछुट्टै कार्याधिकार सहितका दुई विशेष जिम्मेवार निकायूजबचगे छन् । नेरु. ६ अर्ब भन्दा कमका सबै लगानीलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको उद्योग विभागले सहजीकरण गर्दछ भने सो भन्दा माथिको लगानी नेपालका प्रधानमन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरीय निकाय नेपालको लगानी बोर्ड मार्फत गरिन्छ । नेपालमा प्रत्यक्ष वैदेशिक लगानीका लागि न्यूनतम लगानी सीमा नेरु. ५(२) करोड (समीक्षा अन्तर्गत रहेको) हो ।

# नेपालमा प्रत्यक्ष वैदेशिक लगानी

नेपालले खुला प्राकृतिक क्षेत्रमा (ग्रिनफिल्ड) तथा पहिलेनै मानव निर्मित क्षेत्रमा (ब्राउनफिल्ड) दुवै लगानीलाई अनुमति दिन्छ र तलका धेरैजसो स्वीकृति नयाँ उद्योगहरूसँग सम्बन्धित छन् । ब्राउनफिल्ड लगानीका लागि लगानी ल्याउन केन्द्रीय बैंकबाट स्वीकृति प्राप्त गर्नुपर्छ । नेपालले निम्न पाँच प्रकारको प्रत्यक्ष वैदेशिक लगानीलाई अनुमति दिन्छ ।

**सेयरमा विदेशी मुद्रा लगानी**

**मेसिनहरूको पट्टा मार्फत लगानी**

**भेन्चर क्यापिटल कोष मार्फत लगानी**

**प्रविधि हस्तान्तरण मार्फत लगानी**

**वैदेशिक लगानीमा प्राप्त लाभांशको पुन: लगानी**

---

## नीति र कानूनी वातावरण

नेपालले लगानीलाई सहजीकरण गर्न धेरै नयाँ कानून तथा नियमहरु लागू गरेकोछ र विद्यमान कानूनहरु परिमार्जन तथा अद्यावधिक गरेको छ । लगानीलाई नियन्त्रण गर्ने प्रमुख कानूनहरु निम्न छन् :

- **वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन,२०७५**
- **आयकर ऐन,२०५८**
- **कम्पनी ऐन,२०६३**
- **सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन,२०७५**
- **वातावरण संरक्षण ऐन,२०७६**
- **औद्योगिक उद्यम ऐन,२०७६**
- **वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण नियमावली,२०७७**
- **लगानी उद्यम नियमावली,२०७८**



*(टिप्पणी : व्यापार, लगानी र व्यवसायसँग सम्बन्धित धेरैजसो कानूनतथा नियम अङ्ग्रेजी भाषामा । https://www.lawcommission.gov.np/en बाट डाउनलोड गर्न सकिनेछ ।)*

## वैदेशिक लगानी सम्बन्धी चरणहरु

| | सम्बन्धित निकाय | सम्बन्धित कानुन तथा नियम |
|---|---|---|
| वैदेशिक लगानी स्वीकृति | उद्योग विभाग,वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण शाखा | वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ |
| कम्पनी दर्ता | कम्पनी रजिस्ट्रारको कार्यालय | कम्पनी ऐन, २०६३ संशोधनहरु सहित |
| उद्योग दर्ता | उद्योग विभाग इजाजतपत्र तथा दर्ता शाखा | औद्योगिक उद्यम ऐन, २०७३ तथा नियमावली |
| मूल्य अभिवृद्धि कर/स्थायी लेखा नम्बर | एक द्वार सेवा केन्द्र/आन्तरिक राजस्व कार्यालय | मूल्य अभिवृद्धि कर ऐन, २०५२<br>आयकर ऐन, २०५८ तथा संशोधन |
| विदेशी विनिमय तथा लगानी हस्तान्तरण | नेपाल राष्ट्र बैंक | नेपाल राष्ट्र बैंक ऐन, २०५८ संशोधनहरु सहित |

*टिप्पणी : अहिले यी सबै सेवा उद्योग विभागमा रहेको एक द्वार सेवा केन्द्रबाट प्राप्त गर्न सकिन्छ ।*

**निम्न अनुच्छेदहरुले व्यापार तथा लगानीसम्बन्धी विद्यमान कानूनमा भएका केही प्रावधानहरूलाई उजागर गरेका छन्।**

## वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५

- सबै विदेशी लगानीकर्ताहरूसँग राष्ट्रिय तथा गैरविभेदकारी व्यवहारको प्रत्याभूति गरेको छ ।
- वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को नकारात्मक सूचीमा उल्लेख गरिएका उद्योग र क्यासिनो, दूरसञ्चार तथा उड्डयन जस्ता केही क्षेत्रबाहेक सबै प्रकारका उद्योगमा १०० प्रतिशत वैदेशिक लगानीका लागि अनुमति दिएको छ ।
- सबै औद्योगिक क्षेत्रहरुमा प्रविधि हस्तान्तरण खुला गरेको छ ।
- परिवर्तनीय मुद्रामा नाफा प्रत्यावर्तनको प्रत्याभूति गरेको छ ।
- लगानीकर्ताहरूलाई व्यवसायिक/आवासीय भिसा प्रदान गर्दछ ।
- प्रत्यक्ष वैदेशिक लगानीलाई मोटामोटी रुपमा परिभाषित गर्दछ । विदेशी मुद्रामा नयाँ उद्योगमा स्वपूँजी लगानीका लागि अनुमति दिइएको क्षेत्रहरुमा गरिएको कबुलियत वित्तभरण र लगानी विद्यमान उद्योगको सेयर खरिद र पुँजी लगानी कोष मार्फत लगानी, प्रविधि हस्तान्तरण र वैदेशिक लगानीबाट आर्जन भएको लाभांशको पुन: लगानी समावेश गरेको छ ।
- लगानीलाई सहजीकरण गर्न तथा गति दिन एक द्वार सेवा केन्द्रको व्यवस्था गरेको छ ।
- परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न अनुमति दिएको छ ।
- सम्झौताका पक्षहरुबीच भएको सहमतिअनुसार विवाद समाधानका लागि व्यवस्था गरेको छ ।
- उच्चस्तरीय व्यवस्थापकीय पदहरुमा विदेशी नागरिकहरुलाई नियुक्त गर्ने व्यवस्था गरेको छ ।

## सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५

- ठूला पूर्वाधार परियोजनालाई सहजीकरण गर्न उच्चस्तरीय निकाय नेपालको लगानी बोर्ड गठन गर्ने व्यवस्था गरेको छ ।
- नेपालको लगानी बोर्डको अध्यक्षता नेपालका सम्माननीय प्रधानमन्त्रीले गर्नुहुन्छ र यसमा सान्दर्भिक मन्त्रालय, मुख्य-मुख्य सरकारी निकायहरुका प्रमुख तथा निजी क्षेत्र सदस्यका रुपमा रहन्छन् ।
- सबै क्षेत्रका रु. ६ अर्बभन्दा बढीको लगानी र २०० मेगावाटभन्दा बढी क्षमता भएका ऊर्जा परियोजनाहरु स्वीकृत गर्दछ ।
- छुट्टाछुट्टै सार्वजनिक-निजी-साझेदारी इकाई र लगानी इकाईको व्यवस्था गरिएको छ ।
- निर्माण, सञ्चालन तथा विस्तारका लागि न्यून सम्भाव्यता परिपूरक कोषको व्यवस्था गरिएको छ ।
- सर्वेक्षण इजाजतपत्र जारी गर्ने, समझदारीपत्र तथा सम्झौतामा हस्ताक्षर गर्ने र लगानीका लागि स्वीकृति प्रदान गर्ने अधिकारसहितको एक द्वार सेवा केन्द्रको व्यवस्था गरिएको छ ।

## कम्पनि ऐन, २०६३ (२०७५ मा संशोधन गरिएको)

| |
|---|
| कम्पनी ऐन, २०६३ (२०७५ मा संशोधन गरिएको) |
| कम्पनी अनलाइन दर्ताका लागि वैधानिक मान्यता |
| ट्रेडमार्क संरक्षण गर्न बलियो कानूनी संयन्त्र |
| सार्वजनिक कम्पनीलाई निजी कम्पनीको र निजी कम्पनीलाई सार्वजनिक कम्पनीको १०० प्रतिशत सेयर रुपान्तरणविना राख्ने अनुमति दिन्छ । |
| विदेशी कम्पनीको सम्पर्क कार्यालयलाई शाखा कार्यालयमा रुपान्तरण गर्न सरल तुल्याउँदछ । |
| शत्रुतापूर्ण अधिग्रहणहरुबाट जोगाउन आफ्नै सेयरहरु फिर्ता खरिद गर्ने व्यवस्था गरेको छ । |
| प्रिमियम मूल्यमा सेयर जारी गर्न लचिलो प्रावधान । |

## औद्योगिक व्यवसाय ऐन, २०७६

| |
|---|
| स्थिर पूँजी लगानी र व्यवसायको प्रकृतिको आधारमा उद्योगको वर्गीकरण । |
| एक द्वार सेवा केन्द्रको व्यवस्था गरेको छ । |
| नयाँ सामानको बजार विकास गर्न विदेशी मूल कम्पनीबाट सामान आयात गर्ने व्यवस्था गरेको छ । |
| उच्चस्तरीय व्यवस्थापकीय पदहरुमा विदेशी नागरिकहरुलाई नियुक्त गर्ने व्यवस्था गरेको छ । |
| औद्योगिक वातावरणीय मापदण्डको व्यवस्था गरेको छ । |
| वस्तु तथा सेवा आपूर्तिका लागि अनुबन्ध उत्पादनको व्यवस्था गरेको छ । |
| विभिन्न आर्थिक प्रोत्साहन दिने व्यवस्था गरेको छ । |



## प्रत्यक्ष वैदेशिक लगानीसम्बन्धी स्वीकृतिसँग सम्बन्धित सरकारी निकायहरु

| क्र.स. | निकायहरु | मुख्य कार्यहरु |
|---|---|---|
| क | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | नीति तथा कानून निर्माण |
| ख | उद्योग तथा लगानी प्रवर्द्धन बोर्ड | नीति, संस्था तथा प्रक्रियात्मक सुधारका लागि सुझाव दिने, अनुमति चाहिने उद्योगहरुलाई सहमति दिने आदि |
| ग | नेपालको लगानी बोर्ड | रु. ६ अर्बभन्दा बढीको प्रत्यक्ष वैदेशिक लगानी स्वीकृत गर्ने र लगानीलाई सहजीकरण गर्ने |
| घ | उद्योग विभाग (एक द्वार सेवा केन्द्र) | रु. ६ अर्बभन्दा कमको प्रत्यक्ष वैदेशिक लगानी स्वीकृत गर्ने र उद्योग प्रशासनसम्बन्धी सेवा प्रदान गर्ने |
| ङ | कम्पनी रजिस्ट्रारको कार्यालय | कम्पनी दर्ता गर्ने र प्रशासनिक सेवा प्रदान गर्ने |
| च | नेपाल राष्ट्र बैंक | स्वीकृतलगानी, अभिलेखीकरण र प्रत्यावर्तनको  लागि सहयोग अनुसार विदेशी मुद्रा स्थानान्तरणको स्वीकृति गर्ने |

# एक द्वार सेवा केन्द्र

**उद्योग विभागमा रहेको एक द्वार सेवा केन्द्र औद्योगिक व्यवसाय ऐन, २०७६ र वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को प्रावधानअनुसार लगानीलाई सहजीकरण गर्ने एक व्यवस्था हो । एक द्वार सेवा केन्द्रको उद्देश्य लगानीकर्ताहरूको सुविधाका लागि एउटै बिन्दुबाट लगानी तथा उद्योगसँग सम्बन्धित सेवा प्रदान गर्नु हो । वैदेशिक लगानीका लागि दर्तादेखि सञ्चालन समापनसम्मका सबै आवश्यक सेवा एक द्वार सेवा केन्द्र मार्फत प्रदान गरिन्छ । प्रशासनिक सेवा, सुविधा स्वीकृति, छुट तथा सहुलियतका अतिरिक्त एक द्वार सेवा केन्द्रले विद्युत, पानी, जमिन तथा अन्य पूर्वाधार प्राप्त गर्न उद्योग, उद्यमी र लगानीकर्ताहरूलाई सहयोग पनि गर्दछ ।**

**उद्योग विभागमा अवस्थित एक द्वार सेवा केन्द्रले प्रत्यक्ष वैदेशिक लगानी स्वीकृति (रु.६ अर्बभन्दा कम) सँग सम्बन्धित सेवा प्रदान गर्दछ, विदेशी लगानीकर्ताहरू तथा तिनका अधिकृत प्रतिनिधिहरू र विज्ञहरूकलाई भिसाका लागि सिफारिस गर्दछ, प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरण प्रभाव मूल्याकंन स्वीकृत गर्दछ र विदेशी मुद्रा विनिमय सुविधाका लागि सिफारिस गर्दछ ।**

## प्रत्यक्ष वैदेशिक लगानीलाई अनुमति नभएका उद्योग/व्यवसायहरू

हातहतियार र परमाणविक ऊर्जा तथा रेडियोधर्मी सामग्री उत्पादन गर्ने उद्योग/व्यवसायहरूका लागि प्रत्यक्ष वैदेशिक लगानी प्रतिबन्धित छ । प्रत्यक्ष वैदेशिक लगानी प्रतिबन्धित अन्य क्षेत्रमा निम्न स्वदेशी उत्पादन र औद्योगिकीकरणलाई बढावा दिने प्रयासमा राष्ट्रिय लगानीकर्ताहरूका लागि आरक्षित गरिएका  क्षेत्रहरू  पर्दछस

क. कुखुरापालन, मत्स्यपालन, मौरीपालन, फलफूल, तरकारी, तेलबीऊ, दालबीऊ, दुग्ध उद्योग र प्राथमिक कृषि उत्पादनका अन्य क्षेत्रहरू,

ख. घरेलु तथा साना उद्योग,

ग. व्यक्तिगत सेवा व्यवसाय (कपाल काट्ने, सिलाइ बुनाइ गर्ने (टेलरिङ), गाडी चलाउने (ड्राइभिङ) आदि),

घ. घर जग्गा व्यवसाय (निर्माण उद्योग बाहेक), खुद्रा व्यवसाय, आन्तरिक कुरियर सेवा, स्थानीय क्याटरिङ सेवा, मनी चेन्जर, विप्रेषण (रेमिटेन्स) सेवा,

ङ. ट्र्याभल एजेन्सी, पर्यटनमा संलग्न गाइड, पदयात्रा र पर्वतारोहण गाइड, होमस्टे सहित ग्रामीण पर्यटन,

च. आम सञ्चार माध्यम (अखबार, रेडियो, टेलिभिजन र अनलाइन समाचार) सम्बन्धी व्यवसाय र राष्ट्रिय भाषाहरूमा चलचित्र,

छ. व्यवस्थापन, लेखा, इन्जिनियरिङ, कानूनी परामर्श सेवा र भाषा प्रशिक्षण, सगींत प्रशिक्षण, कम्प्युटर प्रशिक्षण,

ज. ५१ प्रतिशतभन्दा बढी वैदेशिक लगानी भएको परामर्श सेवा ।

(स्रोत: FITTA, 2019, Schedule: https://www.lawcommission.gov.np/en/wp-content/uploads/2019/09/The-Foreign-Investment-and-Technology-Transfer-Act-2019-2075.pdf)

कानूनले विशेष गरी हतियार, गोला बारुद, बारुद वा विस्फोटक पदार्थहरू र आणविक, जैविक तथा रासायनिक हतियार एवम् परमाणविक ऊर्जा तथा रेडियो धर्मी सामग्री उत्पादन गर्ने उद्योगहरूमा प्रत्यक्ष वैदेशिक लगानीलाई रोक लगाएको छ । अन्य प्रतिबन्धित उद्योगहरू सुरक्षण मुद्रण, बैंक नोट र सिक्का उद्योग स सुर्तीजन्य उपज, मदिरा र बहुमूल्य खनिज, पेट्रोलियम उपज आदिलगायतका उत्खनन हुन् ।

(हेर्नुहोस् : Schedule-1, Industrial Enterprises Act, 2020. https://moics.gov.np/uploads/shares/laws/Industrial%20Enterprises%20Act%20%202020.pdf)

यसका अतिरिक्त क्यासिनो, दूरसञ्चार तथा उड्डयन जस्ता के ही क्षेत्रमा १०० प्रतिशत प्रत्यक्ष वै देशिक लगानीलाई अनुमति दिइएको छैन । यी उद्योगहरूका लागि सम्बन्धित नियामक निकायहरूका नियम लागू हुन्छ ।

# न्यूनतम लगानी सीमा

नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भएका उद्योगहरूका लागि न्यूनतम सीमा छ । अक्टोबर २०२२मा, नेपाल सरकारले वैदेशिक लगानी सीमालाई रु. २ करोडमा घटायो ।




## उद्योगमा वैदेशिक लगानी स्वीकृतिका लागि आवश्यक कागजातहरू

नेपालमा लगानी प्रक्रिया लगानी स्वीकृतिबाट सुरु हुन्छ । निश्चित प्रकारका स्वीकृति तथा इजाजतपत्रका लागि निम्नलिखित विविध कागजातहरू आवश्यक हुन्छन् :

### प्रत्यक्ष वैदेशिक लगानी स्वीकृति

क. परियोजना प्रस्ताव - २ प्रति,
ख. संयुक्त उपक्रम सम्झौता (एकभन्दा बढी लगानीकर्ता भएकामा),
ग. स्थानीय पक्ष व्यक्तिको नागरिकता प्रमाणपत्रको नोटरी प्रमाणित प्रतिलिपि वा स्थानीय साझेदार कम्पनी हो भने मेमोरेन्डम अफ एसोसिएसनलगायत (Memorandum of Association) लगायत निगमनको प्रमाणपत्र (Certificate of Incorporation) - प्रत्येकको १ प्रतिलिपि,
घ. विदेशी साझेदारका राहदानीका नोटरी प्रमाणित प्रति वा पक्ष कम्पनी हो भने मेमोरेन्डम अफ एसोसिएसन र आर्टिकल्स अफ एसोसिएसनलगायत (Articles of Association) निगमनको प्रमाणपत्र -प्रत्येकको १ प्रतिलिपि,
ङ. विदेशी लगानीकर्ताको बायोडाटा/सी.भी. वा कम्पनी प्रोफाइल - १ प्रतिलिपि,
च. गृह मुलुकको बैंकद्वारा जारी गरिएको विदेशी लगानीकर्ताको वित्तीय विश्वसनीयता प्रमाणपत्र,
छ. कम्पनी वा लगानीकर्ताबाट अख्तियारपत्र (आवश्यक भएको खण्डमा) ।

### सेयर खरिद मार्फत विद्यमान उद्योगमा प्रत्यक्ष वैदेशिक लगानीको स्वीकृति

क. सेयर हस्तान्तरणकर्ताद्वारा आवेदन,
ख. गृह मुलुकको बैंकद्वारा जारी गरिएको विदेशी लगानीकर्ताको वित्तीय विश्वसनीयता प्रमाणपत्र - १ प्रति,
ग. कम्पनी रजिस्ट्रार कार्यालयमा रहेको अभिलेखअनुसार वर्तमान सेयरहोल्डरहरूको सूची - १ प्रतिलिपि र लेखापरीक्षण प्रतिवेदन - १ प्रतिलिपि,
घ. कर चुक्ता प्रमाणपत्र - १ प्रतिलिपि,
ङ. कम्पनीको तर्फबाट हस्ताक्षर गर्ने अख्तियारपत्र - १ प्रतिलिपि,
च. उद्योग/कम्पनी दर्ताको प्रमाणपत्र - १ प्रतिलिपि ।

# प्रविधि हस्तान्तरण मार्फत प्रत्यक्ष वैदेशिक लगानी

निम्नलिखित क्षेत्रहरूमा प्रत्यक्ष वैदेशिक लगानी मार्फत प्रविधि हस्तान्तरणलाई अनुमति दिइन्छ :

**क. पेटेन्ट, डिजाइन, ट्रेडमार्क, सद्भावना, प्रविधिजन्य विशिष्टता, सूत्र (formula) प्रक्रिया,**

**ख. प्रयोगकर्ता इजाजतपत्र, प्रविधिजन्य ज्ञान आदान प्रदान गर्ने वा प्रविधिजन्य ज्ञानको प्रयोग (फ्रेन्चाइज),**

**ग. विदेशी प्राविधिक सल्लाहकार, व्यवस्थापन र बजारीकरण सेवा वा अन्य प्रविधिजन्य सीप वा ज्ञानको प्रावधान ।**

## प्रविधि हस्तान्तरण सम्झौता मार्फत प्रत्यक्ष वैदेशिक लगानी स्वीकृतिका लागि आवश्यक कागजातहरू

क. प्रविधि हस्तान्तरण सम्झौता - ३ प्रतिलिपि

ख. स्वदेशी कम्पनीको मेमोरेन्डम अफ एसोसिएसन र आर्टिकल्स अफ एसोसिएसनलगायत निगमनको प्रमाणपत्रको नोटरी प्रमाणित प्रतिलिपि - प्रत्येकको १ प्रतिलिपि,

ग. पक्ष कम्पनी हो भने मेमोरेन्डम अफ एसोसिएसन र आर्टिकल्स अफ एसोसिएसनलगायत निगमनको प्रमाणपत्र वा विदेशी लगानीकर्ताको राहदानी को नोटरी प्रमाणित प्रतिलिपि - प्रत्येकको १ प्रतिलिपि,

घ. विदेशी लगानीकर्ताको बायोडाटा/सी.भी. वा कम्पनी प्रोफाइल,

ङ. प्रविधि हस्तान्तरणका लागि सम्बन्धित कम्पनीहरूको निर्देशक बोर्ड बैठकको निर्णय पुस्तिका,

च. कम्पनीबाट अख्तियारपत्र,

छ. वर्तमान लेखापरीक्षण प्रतिवेदन तथा कर चुक्ता प्रमाणपत्रको नोटरी प्रमाणित प्रतिलिपि ।

## वैदेशिक लगानी प्रक्रिया

प्रत्यक्ष वैदेशिक लगानीलाई स्वीकृति नेपालको लगानी बोर्ड तथा उद्योग विभाग दुई निकायले गर्न सक्छन् । लगानी स्वीकृत भएपछि लगानी कार्यान्वयन गर्नु भन्दा अगाडि लगानीकर्ताहरूले निश्चित प्रक्रिया पूरा गर्नुपर्छ । प्रक्रियामा देहायबमोजिमका चरण हुन्छन् :

क. उद्योग विभाग वा नेपालको लगानी बोर्डबाट लगानी स्वीकृति,

ख. प्रत्यक्ष वैदेशिक लगानी स्वीकृत भएपछि कम्पनी रजिस्ट्रारको कार्यालयमा कम्पनी दर्ता,

ग. आन्तरिक राजस्व विभागमा कर दर्ता,

घ. उद्योग विभागमा उद्योग दर्ता,

ङ केन्द्रीय बैंक अनुमति (उपयुक्त बैकिंङ च्यानलहरू मार्फत विदेशी मुद्रा ल्याउन नेपाल राष्ट्र बैद्रबाट अनुमति र विप्रेषित विदेशी मुद्राको अभिलेख),

ङ. अन्य अनुमति तथा स्वीकृतिहरू (भिसा, ट्रेडमार्क, वातावरणीय स्वीकृति, जग्गा प्राप्ति आदि) ।

## लगानी, लाभांश, रोयल्टी आदि प्रत्यावर्तनका लागि आवश्यक कागजातहरू

नेपाली कानून ले लगानी, लाभांश तथा रोयल्टी प्रत्यावर्तन गर्न अनुमति दिन्छ । लगानी स्वीकृत गरेका निकायहरू अर्थात् नेपालको लगानी बोर्ड तथा उद्योग विभागको सिफारिसमा र लागू हुने सबै कर भुक्तान भएमा नेपाल राष्ट्र बैंले प्रत्यावर्तन गर्ने अनुमति दिन्छ । उद्योग विभागबाट प्रत्यावर्तनका निम्ति सिफारिसका लागि अनुरोध गर्न निम्न कागजातहरू चाहिन्छन्

क. आवेदन र उद्योग तथा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

ख. प्रत्यक्ष वैदेशिक लगानी स्वीकतिको प्रतिलिपि,

१. निर्देशक बोर्ड बैठकको निर्णय पुस्तिका,

२. स्वीकृत सेयर खरिद सम्झौता,

३. लाभांशबारे वार्षिक साधारण सभाले गरेको निर्णय,

ग. स्वीकृत ऋण सम्झौताको प्रतिलिपि वा क्षतिपूर्तिसम्बन्धी गरिएको निर्णयको प्रमाणित प्रतिलिपि,

घ. स्वीकृत प्रविधि हस्तान्तरण तथा पट्टा लगानी सम्झौताको प्रतिलिपि,

ङ. हालको लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नपरेको भनी प्रमाणित गर्ने पत्रको नोटरी प्रमाणित प्रतिलिपि,

च. कम्पनी रजिस्ट्रारको कार्यालयमा अभिलेख राखिएको प्रवर्द्धक तथा सेयरहोल्डरहरूको सूचीको प्रतिलिपि,

छ. नेपाल राष्ट्र बैंकमा राखिएको प्रत्यक्ष वैदेशिक लगानीको अभिलेख पत्र,

ज. सेयर बिक्रीबाट प्राप्त रकम देखाउने कागजपत्र,

झ. प्रमाणित चार्टर्ड एकाउन्टेन्टद्वारा गरिएको रोयल्टी गणना,

ञ. प्रत्यक्ष वैदेशिक लगानीको मूल वा ब्याजका रूपमा भुक्तान गरेको देखाउने कागजपत्रको प्रतिलिपि ।

# भिसा

प्रत्यक्ष वैदेशिक लगानी स्वीकृति प्राप्त गरेपछि विदेशी लगानीकर्ताहरू वा तिनका अधिकृत प्रतिनिधि र परिवारका सदस्य लगानी अवधिका लागि व्यवसायिक भिसाका निम्ति योग्य हुन्छन् । भिसा म्याद थप  लागि विद्यमान भिसाको म्याद समाप्त हुनुभन्दा ३० दिनअघि उद्योग विभागमा आवेदन पेस गर्नुपर्छ । पहिलो पटक भिसाका लागि आवेदन दिँदा सशरीर  आवेदन दिनुपर्छ । विभिन्न प्रकारका भिसाका लागि आवेदन सहित निम्न कागजातहरू चाहिन्छन् :

## लगानीकर्ताका लागि व्यवसायिक भिसा

क. नवीनतम भिसा सहित राहदानीको नोटरी प्रमाणित प्रतिलिपि,

ख. उद्योग विभागर नेपालको लगानी बोर्डबाट प्रत्यक्ष वैदेशिक लगानी स्वीकृति पत्र,

ग. उद्योग/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

घ. उद्योग सञ्चालनमा रहेको अवस्थामा उद्योग निरीक्षणको प्रतिवेदन,

ङ. विदेशी लगानीकर्ताको प्रतिनिधिका रूपमा अख्तियारपत्र र राहदानीको नोटरी प्रमाणित  प्रतिलिपि,

च. आश्रितहरूसँगको सम्बन्धको नोटरी प्रमाणित कागजातहरू,

छ. लगानीकर्ता/प्रतिनिधिको सम्पर्क ठेगाना र टेलिफोन नम्बर ।

## आवासीय भिसा

एक पटकमा १० लाख अमेरिकी डलर बराबर वा सोभन्दा बढी लगानी गर्ने विदेशी लगानीकर्ताले लगानीकर्ता र तिनका प्रतिनिधि र परिवारका सदस्यका लागि आवासीय भिसाका लागि आवेदन दिन सक्छन्। । आवासीय भिसाका लागि सिफारिस अनुरोध गर्न आवश्यक कागजातहरू निम्नानुसार छन् :

क. नवीनतम भिसा सहित राहदानीको नोटरी प्रमाणित प्रतिलिपि,

ख. एक पटकमा १० लाख अमेरिकी डलर बराबर वा सो भन्दा बढी लगानीको प्रमाण,

ग. उद्योग दर्ता प्रमाणपत्रको प्रतिलिपि,

घ. उद्योगको भौतिक तथा आर्थिक प्रगति प्रतिवेदन,

ङ. आश्रितहरूसँगको सम्बन्ध प्रमाणित गर्ने कागजात ।

## विदेशी कामदारहरूका लागि गैरपर्यटक भिसा

क. श्रमिक र उद्योगबीचको सम्झौताको नोटरी प्रमाणित  प्रतिलिपि,

ख. राष्ट्रिय दैनिक अखबारमा प्रकाशित कामदार मागको प्रतिलिपि,

ग. उद्योगको प्रगति प्रतिवेदन,

घ. कामदारको बायोडाटा (उद्योगमा काम गरेको अनुभव देखाउने) र शैक्षिक योग्यताका प्रमाणपत्र,

ङ. नवीनतम भिसा सहित राहदानीको नोटरी प्रमाणित  प्रतिलिपि,

च. विदेशी कामदारहरूद्वारा प्रशिक्षित गराइनुपर्ने नेपाली कामदारहरूको सूची,

छ. कार्य स्वीकृति तथा कार्य अनुमति,

ज. उद्योग दर्ताको प्रतिलिपि,

झ. हालको लेखापरीक्षण प्रतिवेदन र कम्पनीको कर चुक्ता प्रमाणपत्रका प्रतिलिपिहरू ।

टिप्पणी : गैरपर्यटक भिसाको हकमा भिसाको म्याद समाप्त हुनुभन्दा ६० दिनअघि आवेदन पेस गर्नुपर्छ ।

## वातावरणीय कानूनको पालना

नेपालको कानूनअनुसार उद्योग स्थापना, विस्तार र विद्यमान उद्योगको विविधीकरणका लागि उद्योग विभाग बाट प्रारम्भिक वातावरणीय परीक्षण तथा वन तथा वातावरण मन्त्रालयबाट [See EPR clause 8] वातावरणीय प्रभाव मूल्याकंनका निम्ति स्वीकृति लिनुपर्छ । सो स्वीकृति वातावरण संरक्षण ऐन, २०७६ (https://www.lawcommission.gov.np/en/wp-content/uploads/2021/03/The-Environment-Protection-Act-2019-2076.pdf_ अन्तर्गत प्रदान गरिन्छ ।

## विवाद समाधान

नेपालमा लगानीसम्बन्धी विवाद समाधानका लागि स्थापित प्रक्रियाहरू छन् । लगानीसम्बन्धी विवादको समाधानका लागि निम्न प्रक्रियाहरू लागू हुन्छन् :

क. उद्योग विभागले स्वदेशी तथा विदेशी लगानीकर्ताहरूबीच लगानीसम्बन्धी विवाद समाधान गर्न छलफल र वार्तालाई सहजीकरण गर्न सक्छ ।

ख. सहजीकरणले सौहार्दपूर्ण समाधानमा पुर्‍याउन नसकेमा संयुक्त उद्यम सम्झौतामा भएका प्रावधानबमोजिम विवाद समाधान गरिन्छ ।

ग. विवाद समाधान नभएको खण्डमा नेपालको मध्यस्थता कानूनका प्रावधानअनुसार समाधान गरिन्छ ।


## लागू हुने शुल्क

उद्योग विभागकोविभिन्न सेवाका लागि लागू हुने निश्चित शुल्कहरु छन्। । केही शुल्कहरु फिर्ता गर्न सकिने खालका छन्, उदाहरणका लागि प्रत्यक्ष वैदेशिक लगानी स्वीकृतिको हकमा । लागू हुने शुल्कहरु कतिपय अवस्थामा विशेष कानूनद्वारा निर्धारण गरिन्छन् ।

| विवरण | लागू हुने शुल्क |
|---|---|
| प्रत्यक्ष वैदेशिक लगानी स्वीकृति | नि:शुल्क |
| कम्पनी दर्ता | कम्पनी ऐनअनुसार |
| उद्योग दर्ता | नि:शुल्क |
| वैदेशिक लगानी वापत पुँजी मुद्रा | नि:शुल्क |
| भिसा | अध्यागमन ऐनबमोजिम शुल्क |

टिप्पणी: केही सेवाहरुलाई फिर्ता गर्न सकिने रकम आवश्यक हुन सक्छ ।

## एक द्वार सेवा केन्द्रले दिने प्रत्यक्ष वैदेशिक लगानी सेवाहरु



थप जानकारीका लागि :


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग विभाग
एक द्वार सेवा केन्द्र
त्रिपुरेश्वर, काठमाडौं
फोन :०१-५३६१३०२ महानिर्देशक, ९८४१९८५४०५ सूचना अधिकृत
फोन : ०१-५३६११६८, ५३६११०१, ५३६११६९, फ्याक्स : ०१-५३६१११२
ईमेल: fdi@doind.gov.np, Website http://www.doind.gov.np